आज मिति २०८०/०१/३१ गते गाउपालिका अध्यक्षको अध्यक्षतामम गाउँ कार्यपालिकाको ८६ औँ बैठक बसी निम्न विषयहरूमा निर्णय गरियो ।

| | |
|---|---|
| ऋषिकेशव बुढामगर | अध्यक्ष |
| सर्मिला बुढामगर | उपाध्यक्ष |
| हेमराज घर्तीमगर | सचिव |
| हिरा प्रसाद बुढामगर | १ नं. वडाध्यक्ष |
| अभिलाषा रोकामगर | २ नं. वडाध्यक्ष |
| जनक बुढा | ३ नं. वडाध्यक्ष |
| हिक्मत घर्तीमगर | ४ नं. वडाध्यक्ष |
| गोवर्धन घर्तीमगर | ५ नं. वडाध्यक्ष |
| बन्दना वि.क. | सदस्य |
| सुन कामी | सदस्य |
| जुन कुमारी पुन | सदस्य |
| सुमित्रा सुनार | सदस्य |
| पुन बहादुर वि.क. | सदस्य |
| रामकली वि.क. | सदस्य |
| देवदत्त रिजाल | प्रशासन शाखा प्रमुख |
| आलोक कुमार शाह | कम्प्युटर अपरेटर |
| भगवती पुन मगर सहजकर्ता | उद्यम विकास |
| भिमकुमारी पुन मगर सहजकर्ता | उद्यम विकास |

प्रस्तावहरू:

१. खर्चको दायित्व सार्ने सम्बन्धमा,
२. विपद सम्बन्धमा ,
३. योजना प्राथमिकीकरण सम्बन्धमा,
४. विविध ।

निर्णयहरू:

१. प्रस्ताव नं १ अन्तर्गत खर्चको दायित्व सार्ने सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८०/०१/१४ श्री महालेखा नियन्त्रकको कार्यालयलाई लेखिएको पत्रानुसार नेपाल सरकारबाट चालू वर्षमा स्थानीय तहलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताको ५० प्रतिशतमात्र हस्तान्तरण हुने भनि नेपाल सरकार मन्त्रिपरिषदले २०८०/०१/१२ गते निर्णय गरेकोले यस पालिकामा समानीकरण अनुदान स्रोतबाट खर्च हुने भनी गाउँसभाले पारित गरेको कार्यक्रम तथा योजनाहरूको हकमा कार्य सम्पन्न भइसकेको योजनाहरूलाई अर्को आर्थिक वर्षको लागि दायित्व सार्ने र सुरुवात नभएका योजना तथा कार्यक्रमहरू यस वर्षका लागि स्थगित गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं २ अन्तर्गत विपद सम्बन्धमा थबाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा मिति २०८०।०१।१४ मा प्राप्त निवेदनका आधारमा थबाङ गाउँपालिका वडा नं ३ निवासी जमान बुढाको घरमा आगलागी भई पूर्ण रूपमा क्षति भएकोले निजलाई क्षतिको मूल्याङ्कन गरी नगद रु १०,०००।– अक्षरेपि दश हजार रुपैयाँ मात्र क्षतिपूर्ति स्वरूप दिने निर्णय गरियो।

३. प्रस्ताव नं ३ अन्तर्गत योजना प्राथमिकीकरण सम्बन्धमा देहायका योजनाहरुको लागि संघीय सरकार तथा प्रदेश सरकार समक्ष बजेट माग गर्ने निर्णय गरियो

   a. जलजला पर्यटन पूर्वाधार
   b. शहीद स्मृति संग्राहलय व्यवस्थापन
   c. चलाबाङ स्याउ खेती प्रवर्द्धन (नमुना घर)
   d. झकेबाङ खेल मैदान व्यवस्थापन
   e. बालविकास केन्द्रहरुका लागि कक्षाकोठामा पार्केटिङ
   f. थबाङको पहिचानको संरक्षण
   g. व्यवसायीक अल्लो खेती प्रवर्द्धन
   h. सामुदायिक भवन निर्माण (४ नं वडामा)
   i. शहीद स्मृति सभाहल (३ नं वडामा)
   j. शहीद पार्क व्यवस्थापन
   k. जडीबुटी प्रवर्द्धन
   l. जलविद्युत

४. प्रस्ताव नं ४ अन्तर्गत विविध विषयमा छलफल गर्दा महालेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन २०७८।०७९ को क्रम संख्या ७७, भौचर नं ४२ बमोजिमको जिन्सी मौज्दात सम्बन्धमा पालिकाले विभिन्न ५ वटा पुल निर्माणका लागी आवश्यक स्टिल पार्टस, वाईन्डिङ वायर, स्टिल डेक, ग्याल्भनाइजेशन लगायतका निर्माण सामाग्री जुनकिरी ईन्डस्ट्रिज प्रा लि बुटवलसँग मिति २०७८।१२।१५ मा सम्झौता गरी रु. ३६५३८०४।१७ मुल्य बराबरको निर्माण सामाग्री खरिद गरेकोमा उक्त सामाग्री सम्बन्धित पुल उपभोक्ता समितिलाई बुझाएको हस्तान्तरण फारम र पुलमा जडान भएको पुल निर्माण सम्पन्न भएको प्रमाण पेश हुनु पर्ने भनी रु.३६५३८०४।१७ बराबर रकमको बेरुजु आएकोमा उक्त पुल निर्माण कार्यसम्पन्न भैसकेको र

उक्त पुल निर्माण कार्यका लागी खरिद भएको सामाग्री वास्तविक प्राप्त भएकाले बेरुजु फर्च्छयौटका लागी कार्यसम्पन्न प्रतिवेदन लाई प्रमाण मानी पेश गर्ने निर्णय गरियो ।